# विनियोजन ऐन, २०८०

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा,कपिलवस्तु
२०८०

# कपिलवस्तु नगरपालिकाको विनियोजन ऐन, २०८०

कपिलवस्तु नगरपालिका, कपिलवस्तु को आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मिति : २०८०।०३।१०**

**प्रस्तावना :** कपिलवस्तु नगरपालिका, कपिलवस्तु २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कपिलवस्तु नगरपालिका, कपिलवस्तुको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयक नाम "कपिलवस्तु नगरपालिका, कपिलवस्तुको विनियोजन ऐन, २०८०" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
२. **आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ९२९२००००० (अक्षेरुपी रुपैयाँ बयानबवे करोड बयानब्वे लाख मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।
३ . **विनियोजन :** (१) यस विधेयक द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त कपिलवस्तु नगरपालिका, कपिलवस्तुको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।
(४) यो विधेयक प्रारम्भ भए पश्चात संघीय सरकार,प्रदेश सरकार एवं अन्य निकायबाट प्राप्त हुने शसर्त तथा निशर्त रुपमा हस्तान्तरण हुन सक्ने वित्तिय श्रोतको विनियोजन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# आय व्यय अनुमान

अनुसूची -१

| | | |
|---|---|---|
| १ | आय | **८९४८५२०००** |
| | राजश्व | २८०२१५००० |
| | आन्तरिक श्रोत | **४३७५०९८७** |
| | आफ्नै आन्तरिक श्रोत | ३७७५०९८७ |
| १३४११ | सडक बोर्ड | ६०००००० |
| | **राजश्व बाँडवाडबाट प्राप्त रकम** | **२३६४६४०१३** |
| ११४११ | संघिय राजश्व | १४९७११००० |
| ११४५६ | प्रदेश राजश्व | ११७५३०१३ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३०००००००० |
| १४१५७ | प्राकृतिक श्रोतको बाँडफाड | ४५०००००० |
| | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | **६१४६३७०००** |
| | **संघिय सरकार** | **५७५६०००००** |
| १३३११ | वित्तिय सामानीकरण | १८०९००००० |
| १३३१२ | सघं सशर्त | ३६७२००००० |
| १३३१७ | सघं समपुरक | १७५०००००० |
| १३३१५ | सघं विशेष | १०००००००० |
| | **प्रदेश सरकार** | **३९०३७०००** |
| १३३११ | वित्तिय सामानीकरण | १३८८७००० |
| १३३१२ | प्रदेश सशर्त | १०१५०००० |
| १३३१७ | प्रदेश समपुरक | १५०००००० |
| १३३१५ | प्रदेश विशेष | ० |
| १३३१२ | स्थानीय तह | ० |
| | | |
| २ | व्यय | **९२९२०००००** |
| २.१ | चालु खर्च | १४०००००००० |
| २.२ | कार्यक्रम तथा पूजिगत खर्च | ७८९२०००००० |
| | बजेट बचत न्युन | -३४३४८००० |
| | गत बर्षको नगद मौज्दात | ३४३४८००० |

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# क्षेत्रगत व्यय अनुमान

अनुसूची -५

| क्र स | शिर्षक | विनियोजन |
|---|---|---|
| १ | प्रशासनिक खर्च नगर तथा वडा कार्यालय | १४००००००० |
| २ | खानेपानी तथा सरसफाई | १२०००००० |
| ३ | कृषि विकास कार्यक्रम | २५०००००० |
| ४ | पशु विकास कार्यक्रम | २५०००००० |
| ५ | शिक्षा क्षेत्रको कार्यक्रम पूर्वाधार समेत | ६६६०००००० |
| ६ | महिला बालबालिका जेष्ठ नागरिक  कार्यक्रम | १००००००० |
| ७ | सामाजिक विकास कार्यक्रम | ५००००००० |
| ८ | स्वास्थ्य | ३०००००००० |
| ९ | पोषण | ५०००००० |
| १० | उधोग | १५०००००० |
| ११ | पर्यटन विकास | १००००००० |
| १२ | सहकारी | १००००००० |
| १३ | वन वातावरण तथा जलवायु | ५००००००० |
| १४ | आपुर्ति | ३०००००० |
| १५ | भूमि व्यवस्था | २५०००००० |
| १६ | वित्तिय क्षेत्र | ६०००००० |
| १७ | विपत वेयवस्थापन | २००००००० |
| १८ | मानव संसाधन विकास कार्यक्रम | १००००००० |
| १९ | शान्ती सुव्यवस्था | २००००००० |
| २० | कानून तथा न्याय | १६०००००० |
| २१ | योजना तर्जुमा तथा कार्यान्वयन | ४००००००० |
| २२ | वित्तिय सुशासन | २०००००० |
| २३ | श्रम तथा रोजगारी | ३००००००० |
| २४ | प्रशासकिय सुशासन | ३५०००००० |
| २५ | सामाजिक सुरक्षा तथा संरक्षण | १५८५००००० |
| २६ | पूर्वाधार विकास नगरपालिका तर्फ | ७८२०००००० |
| २७ | वडा विकास कार्यक्रम | १२००००००० |
| २८ | प्रदेश सशर्त | १०१५००००० |
| २९ | प्रदेश समपुरक | १५०००००० |
| ३० | प्रदेश विशेष | |
| ३१ | सघं सशर्त | ३६७२००००० |
| ३२ | सघं समपुरक | १७५०००००० |
| ३३ | सघं विशेष | १०००००००० |
| ३४ | सडक बोर्ड कार्यक्रम | ६००००००० |
| | जम्मा | **९२९२००००००** |